बागमती प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
# उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय
धुन्चे, रसुवा

## प्रशिक्षकहरुको सूची (रोस्टर) मा नाम समावेश गर्ने सुचना
## प्रथम पटक प्रकाशित मिति २०८३/०६/०२

यस कार्यालयको लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८३/०८४ मा संचालन गरिने तपसिल बमोजिमका सीप विकास तालिमहरुको लागि आवश्यक पर्ने प्रशिक्षक/विषय शिक्षकहरुको रोष्टर तयारका लागि तालिम संचालन सम्बन्धी कार्यविधी, २०८१ को अनुसुची-१ मा उल्लेख भए बमोजिमका तालिमका क्षेत्र र विषयहरुसंग सम्बन्धित योग्यता पुगेको व्यक्तिहरुले यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ। **सुचना प्रकाशन भएको १५ दिन (असोज १६ गते भित्र) सम्म** सूचीमा नाम समावेश गर्नुहुन र निवेदकको योग्यता सम्बन्धि कागजातको **Scan copy** समावेश गरी यस कार्यालयको Email-csidbrasuwa@gmail.com मा पठाउनु हुन अनुरोध छ।

**संचालन हुने तालिमहरु**

| सि.नं | तालिमको विषयहरु | संचालन हुने स्थान (स्थानीय तह) |
|---|---|---|
| १ | श्यामा पाङगाप सम्बन्धी तालिम | |
| २ | महिलाका लागि स्यादे बनाउने तालिम | आमाछोदिङमो गा.पा. |
| ३ | होटल व्यवसाय, बेकरी र कुक तालिम | गोसाईकुण्ड गा.पा. |
| ४ | एडभान्स सिलाई तालिम | कालिका गा.पा. |
| ५ | सिकर्मी तालिम/ नेपाली कागज उत्पादन तालिम | उत्तरगया गा.पा. |
| ६ | ई.भी. सवारी साधन मर्मत तालिम (३९० घण्टा) | |
| ७ | व्युटिपार्लर तालिम | उ.गा.पा.-५, रसुवा |
| ८ | जिल्लाको आवश्यकता अनुसारको सीप विकास तालिमको पहिचान एवम् तालिम संचालन | |
| ९ | होम स्टे संचालकहरुको लागि क्षमता विकास तालिम | |
| १० | नेपाल भाषा र तामाङ भाषा सम्बन्धी प्रशिक्षण कार्यक्रम | |
| ११ | मातृभाषा संरक्षण तथा प्रवर्द्धनका लागि प्रशिक्षण कार्यक्रम | |
| १२ | प्रदेशमा रहेका लोपोन्मुख बाजाहरुको प्रवर्द्धनको लागि लोपोन्मुख बाजा प्रशिक्षण कार्यक्रम | |

२०८३/६/२
रमेश पौडेल
कार्यालय प्रमुख

फोन : ०१०-५४०१०४, Email: ocsi.rasuwa@bagamati.gov.np

१. प्रशिक्षकको लागि आवश्यक योग्यता

- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था विश्वविद्यालयबाट स्नातक उतीर्ण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको (**TOT**) वा सम्बन्धित विषयमा प्रमाण-पत्र डिप्लोमा तह उतीर्ण गरेको शिक्षण-प्रशिक्षण (**TOT**) तालिम लिएको र कम्तिमा ५ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-३ उतीर्ण गरी ५ वर्षको कार्य अनुभव भएको।
- न्यूनतम १० वर्षदेखि निरन्तर उद्योग संचालन गरिरहेको उद्योगी वा स्वयम् सम्बन्धित विषयको उद्योगमा कम्तीमा १० वर्ष देखि निरन्तर कार्यरत कर्मचारी।

२. सहायक प्रशिक्षकको लागि आवश्यक योग्यता

- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाण-पत्र/डिप्लोमा तह उतीर्ण गरी शिक्षण/प्रशिक्षण (TOT) तालिम लिएको वा सिप तह-३ उतीर्ण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह -२ उतीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको।
- न्यूनतम ५ वर्षदेखि निरन्तर उद्योग संचालन गरिरहेको उद्योगी वा स्वयम् सम्बन्धित विषयको उद्योगमा कम्तीमा ५ वर्ष देखि निरन्तर कार्यरत कर्मचारी।
- परम्परागत वा पुख्यौली रुपमा ज्ञान, सीप वा अनुभव भएको वा निरन्तर उद्यम गरिरहको व्यक्ति।
- नेपाल सरकार वा प्रदेश सरकारका निकायबाट सम्बन्धित विषयमा आवधिक तालिम लिएको व्यक्ति।

३. प्रशिक्षण सहायकको लागि आवश्यक योग्यता

- सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा सीप तह -२ उतीर्ण गरी शिक्षण/प्रशिक्षण (TOT) तालिम लिएको।
- न्यूनतम ३ वर्षदेखि निरन्तर उद्योग संचालन गरिरहेको उद्योगी वा स्वयम् सम्बन्धित विषयको उद्योगमा कम्तीमा ३ वर्ष देखि निरन्तर कार्यरत कर्मचारी।
- परम्परागत वा पुख्यौली रुपमा ज्ञान, सीप वा अनुभव भएको वा निरन्तर उद्यम गरिरहको व्यक्ति।

रमेश पौडेल
कार्यालय प्रमुख

अनुसूची- १
(दफा ५ सँग सम्बन्धित)
तालिमका क्षेत्र र विषयहरु

| क्र.सं. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १ | घरेलु उद्योग | प्रदेश औद्योगिक ऐन, २०७६ को अनुसूची -२ अनुसारको बिषयहरु |
| २ | कृषि, पशुपंक्षी तथा बन पैदावारमा आधारित उद्योग | कृषि, पशुपंक्षी तथा बन पैदावार जन्य कच्चा पदार्थमा आधारित उद्योग सँग सम्बन्धित ज्ञान सिप |
| ३ | हस्तकला तथा सजावटका सामान उत्पादन गर्ने उद्योग | थाङ्का, मूर्तिकला, बेतवाँस, मिथिला पेन्टिङ्ग, बुड कार्भिङ्ग, स्टोन कार्भिङ्ग, छवाली कला, कपडामा जरी भर्ने र पेन्टिङ्ग गर्ने, माला, थैली, पर्स बनाउने, फोटो फ्रेम लेमिनेशन, पोते माला, सजावटका सामान उत्पादन गर्ने |
| ४ | उत्पादन मुलक उद्योग | कच्चापदार्थ, सहायक कच्चापदार्थ वा अर्धप्रशोधित कच्चापदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने |
| ५ | होजियारी तथा पोशाक | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोइडरी फेशन डिजाइन, बक्रम बनाउने, धागो बुन्ने |
| ६ | खाद्य सामग्री प्रशोधन | सबै प्रकारको खाद्य उद्योग |
| ७ | उद्योगको बजार ब्यबस्थापन | लेवेल, प्याकेजिंग, ब्रान्ड आदि |
| ८ | अन्य | सञ्चालनमा रहेका एकै प्रकारका उद्योगमा कार्यरत श्रमिकलाई आबश्यक सिप, ज्ञान तथा क्षमता बृद्धि सम्बन्धी तालिम |